दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १०९ | बुटवल | २०८३ बैशाख ०६ गते, आइतबार | नेपाल संवत ११४६ | Sunday April 19, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**राम्रो घडेरी बिक्रीमा**

तिलोत्तमा–१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरून्तै सम्पर्क गर्नुहोला।

**सम्पर्क नम्बर: ९८०१८२७९५०**

# रूकुम पूर्वको पुथा–उत्तरगंगालाई टुक्राएर दुई पालिका बनाउन माग

**हाल १४ वडा रहेको पुथा उत्तरगंगा गाउँपालिकाका केही वडाबाट पालिका केन्द्रसम्म पुग्न दुई दिन लाग्ने अवस्था छ।**




**बालाराम शेर्पाली**

*रुकुमपूर्व*

लुम्बिनी प्रदेशको एकमात्र हिमाली जिल्ला रुकुम पूर्वमा पुथा उत्तरगंगा गाउँपालिकालाई विभाजन गरेर दुई वटा छुट्टाछुट्टै गाउँपालिका बनाउनुपर्ने माग गरिएको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहको संख्या तथा सिमाना पुनरावलोकनसम्बन्धी प्रक्रिया अघि बढाउने निर्णय गर्दै सुझाव मागेपछि यो विषय फेरि सतहमा आएको हो।

मन्त्रालयले हालै 'गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सिमाना हेरफेर, गाभिने तथा वर्गीकरण पुनरावलोकन' सम्बन्धी मापदण्डको प्रारम्भिक मस्यौदा सार्वजनिक गर्दै देशभरका स्थानीय तह, जिल्ला समन्वय समिति तथा सरोकारवालासँग राय/सुझाव आह्वान गरेको छ। सोही निर्णयसँगै पुथा उत्तरगंगा गाउँपालिकाको विभाजन सम्बन्धी मागले औपचारिकता पाउने आशामा छ।

गाउँपालिका अध्यक्ष पनिराज घर्तीले दुर्गम भौगोलिक अवस्थाका कारण नागरिकले भोग्दै आएको समस्या समाधानका लागि पालिका विभाजन अपरिहार्य रहेको बताए। उनले यस विषयमा पटक-पटक 'सिंहदरबार' पुगेर ध्यानाकर्षण गराए पनि राज्यले दुर्गमको पीडा पूर्ण रूपमा नबुझेको गुनासो गरे।

"हामीले धेरै पटक पुथा र उत्तरगंगालाई छुट्टाछुट्टै गाउँपालिका बनाउन आग्रह गरेका छौं," अध्यक्ष घर्तीले भने-"यदि पुथा गाउँपालिका र उत्तरगंगा गाउँपालिका अलग बनाइए नागरिकलाई सेवा लिन निकै सहज हुनेछ।"

हाल १४ वडा रहेको पुथा उत्तरगंगा गाउँपालिकाका केही वडाबाट पालिका केन्द्रसम्म पुग्न दुई दिन लाग्ने अवस्था छ। वर्षायाममा यातायात अवरुद्ध हुँदा शिक्षा, स्वास्थ्य र प्रशासनिक सेवा झन् प्रभावित हुने गरेको घर्तीले बताए।

हाल १४ वडा रहेको सो पालिकाको वडा नं. १ देखि ६ सम्म र ९ नम्बर गरी ७ वटा वडालाई छुट्टै गाउँपालिका बनाउनुपर्ने घर्तीले बताए।

संघीयतापछि स्थापना भएको रुकुम पूर्व जिल्लामा हाल पुथा उत्तरगंगा, सिस्ने र भूमे गरी तीन गाउँपालिका रहेका छन्। तीमध्ये पुथा उत्तरगंगा भौगोलिक रूपमा अत्यन्तै विकट र विशाल क्षेत्र ओगटेको स्थानीय तह हो।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३, ५, ६, ७ र ८ मा भएको व्यवस्थाका आधारमा गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सिमाना हेरफेर, गाउँपालिका वा नगरपालिका एक आपसमा गाभिने र नगरपालिकाको विद्यमान वर्गीकरण पुनरावलोकन गर्ने कार्यलाई व्यवस्थित गर्न आवश्यक भएको' उल्लेख गर्दै गत बिहीबार संघीय मामिला मन्त्रालयले पत्राचार गरेको थियो।

## कसरी हुन्छ नयाँ सीमाङ्कन ?

बुटवल। सरकारले गाउँपालिका, नगरपालिका र वडाहरूको संख्या तथा सिमाना हेरफेर गर्ने प्रक्रियालाई व्यवस्थित बनाउन नयाँ मापदण्डको मस्यौदा तयार पारेको छ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको 'गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सीमाना हेरफेर, एक आपसमा गाभिने र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धी मापदण्ड, २०८३' को प्रारम्भिक मस्यौदामा यसको स्पष्ट प्रक्रिया तोकिएको छ।

कुनै पनि स्थानीय तह वा वडाको सिमाना र संख्या परिवर्तन गर्न वा दुईवटा पालिका गाभ्न मुख्यतया चारवटा चरणहरू पार गर्नुपर्ने प्रस्ताव मस्यौदामा गरिएको छ।

१. जिल्लास्तरमा अध्ययन समिति गठन र प्रतिवेदन

सबैभन्दा पहिले, सिमाना वा संख्या हेरफेर गर्न आवश्यक छ वा छैन भनेर अध्ययन गर्न जिल्लामा एउटा समिति बन्नेछ।

जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा बन्ने यो समितिमा सम्बन्धित पालिकाका उपप्रमुख, नापी र मालपोत कार्यालयका प्रमुखसँगै जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी र स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतलगायत रहनेछन्।

यो समितिले जनसंख्या, भूगोल, सुविधालगायतका आधारमा अध्ययन गरी तीन महिनाभित्र सम्बन्धित स्थानीय तहलाई प्रतिवेदन बुझाउनुपर्नेछ।

२. पालिकाको सभाबाट दुई तिहाइले पारित गर्नुपर्ने

समितिले अध्ययन प्रतिवेदन दिइसकेपछि, सिमाना वा संख्या हेरफेर गर्ने प्रस्तावलाई सम्बन्धित गाउँसभा वा नगरसभामा लगिनेछ। उक्त प्रस्ताव पास हुनका लागि सभामा तत्काल कायम रहेका कुल सदस्य संख्याको दुई तिहाइ (२/३) बहुमत आवश्यक पर्छ।

दुई तिहाइले पारित गरेपछि मात्र उक्त प्रस्ताव प्रदेश सरकारसमक्ष पठाइनेछ।

३. प्रदेश सरकारको सिफारिस

स्थानीय तहबाट दुई तिहाइले पारित भएर आएको प्रस्ताव प्रदेश सरकारले अध्ययन गर्नेछ। यदि उक्त प्रस्तावमा तोकिएका मापदण्ड र आधारहरू पूरा भएको देखिएमा, प्रदेश सरकारले निर्णयसहित सङ्घीय मामिला मन्त्रालयमार्फत केन्द्र सरकार (नेपाल सरकार) लाई सिफारिस गरेर पठाउनेछ।

» *बाँकी ३ पेजमा*

## पूर्व प्रम ओली डिस्चार्ज



बुटवल। नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली २१ दिनपछि त्रिवि शिक्षण अस्पतालबाट डिस्चार्ज भएका छन्। पत्थरीको शल्यक्रिया भएको ६ दिनपछि शनिबार साँझ उनी अस्पतालबाट डिस्चार्ज भएर भक्तपुरको गुण्डुस्थित निवास गएको उनको सचिवालयले जनाएको छ।

गौरीबहादुर कार्की आयोगको प्रतिवेदनका आधारमा जेनजी आन्दोलनका घटनामा अनुसन्धान गर्न भन्दै प्रहरीले चैत १४ गते ओलीलाई पक्राउ गरेको थियो।

पक्राउपछि काठमाडौं प्रहरीले उनलाई सोही दिन स्वास्थ्य जाँचका लागि त्रिवि शिक्षण अस्पताल लगिएको थियो। जहाँ स्वास्थ्यमा समस्या देखिएपछि उनी अस्पताल भर्ना भएका थिए।

प्रहरीले अस्पतालमै हिरासतमा राखेर उनीमाथि अनुसन्धान अघि बढाएको थियो। त्यसैक्रममा ओलीपत्नी राधिका शाक्यले सर्वोच्च अदालतमा दायर गरेको बन्दी प्रत्यक्षीकरणको रिटपछि अदालतको परमादेशमा ओली चैत २६ गते हिरासतमुक्त भएका थिए।

अस्पतालमै प्रहरीले ओलीलाई पत्नी राधिकाको जिम्मा लगाएर हाजिरी जमानीमा रिहा गरेको थियो। तर, ओलीले त्यो दिन अस्पतालबाट डिस्चार्ज लिएनन्।

त्यसअघि नै ओलीको पित्तथैलीमा पत्थरी देखिएको थियो। जसको शल्यक्रिया चैत ३० गते भएको थियो। त्यसयता ६ दिन अस्पतालमा उपचारपछि ओलीलाई अस्पतालले डिस्चार्ज गरेको हो।

## सर्वोच्चको फैसला मान्छौं : देउवा पक्ष




बुटवल। नेपाली कांग्रेसको विवादबारे सर्वोच्च अदालतको फैसलामा तमाम असहमति भए पनि आफ्नो पक्षले निर्णय मान्नेशेरबहादुर देउवा पक्षीय नेता मीनबहादुर विश्वकर्माले बताएका छन्।

'नेपाली कांग्रेस सदैव विधिको शासन मान्ने, शक्ति पृथकीकरणको सिद्धान्तअनुसार स्वतन्त्र न्यायपालिकाको आदेशलाई, निर्णयलाई आत्मसात गरिराखेको छ,' विश्वकर्माले भने-'त्यही परम्पराका आधारमा हाम्रो पार्टीका अग्रज नेता तथा निवेदकसमेत त्यसमा पर्याप्त असन्तुष्टिका आधार हुँदाहुँदै पनि फैसलाका आधारका विषय विरोधाभाषपूर्ण र विवादास्पद् हुँदाहुँदै पनि यो फैसला स्वीकार गर्ने कुरा छलफल भएको छ।'

छलफल कुनै औपचारिक बैठक नभई अनौपचारिक छलफल र भेटघाट मात्रै भएको उनले बताए।

'यो छलफलमा आगामी दिनमा पार्टीलाई कसरी एकताबद्ध बनाएर लैजान सकिन्छ भन्ने परामर्श भएको छ। र, यसका बारेमा निरन्तर बैठक बस्दैजाने र देशका विभिन्न ठाउँबाट आउनुभएका साथीहरू, विभिन्न पदमा रहेका साथीहरू, सबै साथीहरूको सुझाव र परामर्शलाई पनि सुन्ने, एउटा निष्कर्षमा पुग्छौं।'- उनले भने। यसका लागि केही समय लाग्ने उनले बताए।

फैसलाअघिसम्म पूर्णबहादुर खड्का 'कार्यवाहक सभापति' नै रहेको टिप्पणी गर्दै विश्वकर्माले शनिबारदेखि 'निवर्तमान कार्यवाहक सभापति' बनेको बताए।

अदालतको निर्णय स्वीकार्दै अब कार्यवाहक सभापतिको हैसियतमा समानान्तर गतिविधि नहुने उनले आशय व्यक्त गरे।

पार्टी एकताका विषयमा निरन्तर चिन्ता व्यक्त भइरहेको उनले बताए। 'हामीबाट मात्रै होइन, अब सबै पक्षबाट पार्टी कसरी जान्छ ? चिन्ता गर्नुपर्नेछ।'- उनले भने।

विमलेन्द्र निधिले फैसला मान्दिनँ नभनेको उनले बताए। उनले भने-'फैसला त मान्नुपर्छ।

तर, फैसलामा भएका कतिपय त्रुटिपूर्ण विषय मान्न सकिँदैन भन्नुभएको हो।'

अदालतका विषयमा पर्याप्त असहमति भए पनि स्वतन्त्र न्यायालयको निर्णय मान्ने उनले जनाए।

खड्का निवासमा पार्टी एकता जोगाउने र एकताबद्ध बनाउने जिम्मा अब सभापति गगन थापाको रहेको विषय पनि छलफल भएको उनले बताए।

## व्यवसायीमाथि बुटवल उप-महानगरको बल प्रयोगप्रति चौतर्फी विरोध




बुटवल। बुटवल उप-महानगरपालिकाले बजार क्षेत्रका फुटपाथ खाली गराउने अभियान सञ्चालन गर्दा नगर प्रहरीबाट व्यवसायीमाथि बल प्रयोग गरिएको भन्दै चार व्यावसायिक संस्था र समाजका अन्य पेशाका व्यक्तिहरुले विरोध जनाएका छन्।

रुपन्देही व्यापार संघका अध्यक्ष प्रकाश ढकाल, बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्याल, रुपन्देही उद्योग संघका अध्यक्ष कृष्णप्रसाद पराजुली र उद्योग व्यापार संघ बुटवलका अध्यक्ष लोकनाथ पन्थीले शनिबार संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै उपमहानगरले व्यवसायिक संस्थाहरुसँग भएको सहमतिविपरीत पसलहरुमा पसेर व्यवसायीमाथि बल प्रयोग र विना अभिलेख सामान जफत गरेको भन्दै विरोध गरेका हुन्।

बुटवलमा बैशाख २ गतेदेखि फुटपाथ खाली गराउने अभियान सुरु गरिएको थियो। सोही क्रममा बैशाख ३ गते अमरपथ, बीपी चोक र राममन्दिर लाइनलगायत क्षेत्रमा केही व्यावसायिक प्रतिष्ठानमा बलपूर्वकसामान हटाइएकोप्रति संघहरूको गम्भीर ध्यानाकर्षण भएको विज्ञप्तिमा उल्लेख छ। नगर प्रहरीले पसलका सामान खोसेर लैजाने क्रममा भएको झडपमा बीपीचोकको सिटी ब्याग हाउसका सञ्चालक विजय रायमाझीको हातको औंला भाँचिएको थियो।

व्यवसायीका सटर तथा घरका पिलरभित्र रहेका सामानसमेत बिनाकुनै अभिलेख उठाएर लगिएको, सटरमा क्षति पुऱ्याइएको तथा अस्थायी संरचना र साइनबोर्ड जफत गरिएको भन्दै जफत सामान सम्बन्धित व्यवसायीलाई तत्काल फिर्ता गर्न व्यवसायिक संस्थाले माग गरेका छन्। व्यवसायिक संस्थाहरूले सबै पक्षबिच सहकार्य गरेर बजार व्यवस्थापन, पैदलयात्रीको सहजता तथा ट्राफिक व्यवस्थापनमा सुधार गर्नुपर्नेमा जोड दिएका छन्। उनीहरुले बजार व्यवस्थापनको स्पष्ट मापदण्ड तयार गर्न पनिउपमहानगरपालिकासंग आग्रह गरेका छन्। 'इन्धनको मूल्य वृद्धिले प्रताडित भएका व्यवसायीहरुमाथि बुटवल उपमहानगरले नगर प्रहरी लगाएर मेयर उपमेयरको उपस्थितिमा व्यवसायीका सटरभित्रैबाट सामान उठाउने कार्य खेदजनक छ।'-रुपन्देही व्यापार संघका अध्यक्ष प्रकाश ढकालले भने।

» *बाँकी ३ पेजमा*



## सम्पादकीय

# कांग्रेसमा अबको बाटो

लामो समयदेखि आन्तरिक विवादले थिलोथिलो भएको कांग्रेसलाई अन्ततः सर्वोच्च अदालतले पुनर्जीवनको बाटो खोलिदिएको छ । सर्वोच्च अदालतले विशेष महाधिवेशनलाई विधान सम्मत भन्दै शेरबहादुर देउवा पक्षले दिएको रिट निवेदन खारेज गरेको छ । विशेष महाधिवेशन विधानसम्मत नभएको भन्दै शेरबहादुर देउवा पक्ष अदालतमा रिट निवेदन लिएर गएपछि कांग्रेसको आन्तरिक विवाद झनै गिजोलिएको थियो । विशेष महाधिवेशनले कांग्रेस नयाँ ढंगले पुनर्गठन भएको भन्ने एउटा पक्ष र विशेष महाधिवेशनले पार्टीलाई फुटाएको भन्ने अर्को पक्षबिचको विवादले थिलोथिलो भएको कांग्रेसलाई अब पुनर्जीवन दिने प्रष्ट दिशा तयार भएको छ ।

विशेष महाधिवेशनले कांग्रेसलाई दिशानिर्देश गरेको भनिए पनि पार्टीको एउटा खेमा अदालत गएपछि तेर्सिएको तगारो हटेको छ । अब पार्टीलाई एकताबद्ध बनाई सबैलाई मिलाएर जाने कि प्रतिशोध र इगोले सकिने भन्ने विषयको छिनोफानो कांग्रेस सभापति गगन थापाको हातमा छ । कांग्रेससहितका दलमा बेलैमा नेतृत्व हस्तान्तरण नहुँदा युवा पुस्तालाई अर्कै दलले हातमा लिएर चुनाव समेत जित्यो । युवा पुस्तालाई आकर्षित गर्न नसक्दा लामो इतिहास भएको कांग्रेस बाटो विराएको बटुवा झैं भयो । सुझबुझ र परिपक्क राजनीतिको मियो बन्नका लागि कांग्रेसमा विवेकी नेतृत्व नहुँदाको मूल्य अहिले मुलुकले चुकाउने जोखिम बढेको छ । त्यसो त लोकप्रियतावादको हावाहुरीमा कांग्रेस–एमाले जस्ता परिपक्क र विरासत बोकेका दल चेपुवामा परेका हुन् । तर लोकप्रियतावादको चेपुवामा परेको भनेर मात्रै हुँदैन । जीवन्त राजनैतिक दलमा आमुल सुधार परिर्वतनको आवश्यकता छ, समयअनुसार वैचारिक र सांगठनिक रुपमा आफूलाई चुस्त बनाउनुपर्छ भन्ने हेक्का नेतृत्वमा हुनुपर्छ । अहिले कांग्रेस-एमालेका लागि यही अपूर्व अवसर आएको छ ।

कांग्रेसको पूर्णबहादुर खड्का पक्षले पार्टीको वैधानिकताबारे सर्वोच्च अदालतको फैसलालाई स्वीकार गर्ने परिपक्क निर्णय गरेको छासर्वोच्च अदालत रिट लिएर पुगेका खडकाले अदालतको आदेशलाई स्वीकार गर्ने निर्णय गरेर अब पार्टीलाई एकताबद्ध बनाउने जिम्मेवारी सभापति थापाको भएको बताएका छन् । मुलुकमा अहिले राष्ट्रिय स्वतन्त्र पार्टीको झण्डै दुई तिहाई मतबाट चुनिएको सरकार छ, यो गणित हेर्दा मुलुकमा बलियो सरकार छ । कांग्रेस प्रमुख प्रतिपक्षको रुपमा उपस्थित छ । बलियो सरकारले केही गर्छ भन्ने आशा पनि छ, तर बलियो सरकारले चालढाल मिलाउन जानेन, अनुभवको कमिले परिपक्कता देखाउन सकेन भने के होला ? यसको सिधा उत्तर हो -मुलुकले ठूलो मूल्य चुकाउने छ । त्यसैले कांग्रेस जस्ता दल बलियो हुनुपर्छ । अझ प्रमुख प्रतिपक्ष दल कमजोर भयो भने मुलुकमा लोकतन्त्र कमजोर बन्छ । जब सत्ताले मनपरी गर्छ, सत्ताको उन्मादमा विधि र पद्दतीमाथि आक्रमण हुन्छ, त्यसबेला प्रतिपक्ष दलको सशक्त प्रतिरोध हुनुपर्छ । त्यसैले कांग्रेसमा अहिले झगडा होइन, बलियो एकता आवश्यक छ ।

# खिप्ती खेपेका बुहारीहरू



**तुल्सीराम पाण्डे**



वि.स. २०५० सालदेखि २०७५ सालसम्म बुहारी ल्याउने महिलाहरु पहिले सासुबाट हेपिए र भविष्यमा बुहारीबाट हेपीने सम्भावना छ । पहिलेका बुहारीहरु सासुबाट हेपिए पनि आफू सासू बनेपछि बुहारीलाई हेप्न पाउँथे । सासुहरुले आफू धुरी र बुहारीलाई बलेनी मान्दथे । २०७० सालपछि आउने बुहारीहरुले सुरुमा आफ्ना सासुलाई हेपे पनि आफूहरुले बुहारी ल्याएपछि उनै बुहारीबाट हेपीन सक्नेछन् ।

पहिलेका बुहारीहरुलाई गाली गर्न र कुटपिट गर्न कुनै ठुलो गल्ती वा निहुँ चाहिंदैनथ्यो । सामान्य कारणमा समेत ठुलै सजाय पाउँथे । एकजना मानिसलाई आफू निदाएपछि श्रीमतीले चिसो हातले चिल्लो लगाउन जाँदा लात्तले हानेर आँटीबाट तल खसालेछन् । त्यसै चोटको कारणले गर्भ तुहिएछ । अर्को मानिसकी श्रीमतीले साउने झरीमा भिज्दै घाँसको भारी ल्याइछन् । चिसो भयो लुगा फेरेर घाँस दिउँला भनेर भारी बिसाएर लुगा फेर्न थालिछन् । त्यसैलाई निहुँ बनाएर श्रीमानले भैंसीलाई घाँस दिन ढिलो भयो, त्यही चिसा लुगासीत घाँस दिएको भए हुन्थेन, लौ फेर लुगा भनेर बलेनी थापेको गाग्रीको पानी टाउकाबाट खन्याइदिएछन् । चिसोले गर्दा गर्भवती श्रीमती बेहोस भएर पल्टीछन् । अरु परिवारले के गरेको तैंले भनेर गाली गरेछन् । त्यसपछि सेक्ने र चिल्लो लाउने गरेर होसमा ल्याएछन् । घटना भएको २०/२२ वर्षपछि अरुसँग कुरा गर्दा आफैंले यो छोरो भुँडीमा छँदा यस्तो भएको हो भनेर सुनाएका थिए । छोरी पाएमा अरुले नहेरीदिने र डाँडीमा राखेर मेलामा जानुपर्ने हुनाले केही छोरीहरु कुजा भए । मान्यजनको अगाडि नाचगान गरेमा, आफ्नो पिरको गीत जुराएमा, पाहुर कम भएमा वा चित्त बुझ्दो नभएमा, भागेर माइत गएमा, पिट्ने र कसैले अर्को विवाह गर्दथे ।

पिट्दा पनि ढुङ्गाले हान्ने, हँसियाले झटाहा हान्ने, लौरेले पिट्ने, कपाल लुछ्ने, जे भेटायो त्यसैले हान्ने गर्दथे । हातमा जे छ त्यसैले हिर्काउने, कसैले अगेनाको नजिकै भएमा मुखमा र यौनांगमा अगुल्टोले झोस्ने गर्दथे । कुट्दा हातखुट्टा भाँचिने, दाँत भाँचिने हुन्थ्यो । फाटफुट रुपमा मृत्यु पनि हुन्थ्यो । जिउँदै भएमा पछिबाट माइतीले उपचार गर्दथे । थिचिएको जिउ बुढो भएपछि उकल्जिन्थ्यो । कसैले मृत्यु भएमा तालुकदार र पञ्चलाई घुस खुवाएर लोटेर मरेको वा आत्महत्या गरेको सावित गर्दथे । धेरै धन खान पाउँदा रकमी पनि खुसी हुन्थे ।

बुहारीको धोती, चोलो, मजेत्रो नन्द आमाजुहरुले चोरीदिन्थे । भाका नागेर आएमा भित्र पस्न नदिने, ढोग्न नदिने पाहुर फालीदिने र माइतीलाई गाली गर्दथे । एउटी चेलीले भात खाँदा फेर्ने धोती हराएर माइतीलाई धोती पठाइदिन समाचार पठाइछन् । माइतीहरु कपडा पठाउँदा हैरान परेको हुनाले लाएका कपडा फुकालेर नाङ्गै बसेर चुलामा भात खावोस् र उठेपछि पहिलेकै कपडा लावस् भनेर जवाफ पठाएछन् ।

धन नदिएमा लोग्ने ससुराली नजाने, साहु र रकमीको घरमा नुन तेल ल्याउन र झारा गर्दा बुहारीलाई पठाउने, गाउँवेशीको पाइ हुनेहरुले १० पाथी जाने धोक्रो भनेर १ मुरी धान बोकाउने, लोग्ने मान्छेले दाउराका भारी बाँधिदिने, रकमीले घुस खाएर गरिबकी छोरीलाई अपाङ्गसँग विवाह गराइदिने दिनभर मेलापात, रातभर कुटपिस, बिहानभर दैलो कुचो भोकभोकै गर्ने । रातभरी काम गर्दा लगाएका कपडाहरु भित्रबाट पशिनाले भिज्ने र बाहिरबाट शितले भिज्ने हुन्थ्यो । कसैका दिदी, फुपू र जेठानीले सिकाएमा भोकै कुटपिस गर्दा काँचै कोदो, मकै र धान चपाएर रस निलेर भोक शान्त गर्दथे । धान कुट्दा सासुसँगै जान्थे । बुहारी मन नपरेमा पोइला लगाइदिने तारतम्य मिलाउँथे । कसैले बाल विवाह गरे पनि बुहारीलाई घरैमा ल्याएर कज्याउँथे । बिरामी भएर सुतेमा भाम परेको भन्दथे ।

जति दुःख भए पनि माइतीले छोरीको घर बनाउन धेरै प्रयास गर्दथे । छोरी मरेमा बरु अल्पायु रैछ भनेर चित्त बुझाउँथे । घर बिग्रेमा र माइतीले पाल्नु परेमा बेइज्जत मानिन्थ्यो । छोरी पाल्ने घरमा छोराको विवाह गर्न गाह्रो हुन्थ्यो । अर्की छोरी माग्न समेत जाँदैन्थे, पोइला गएमा पनि फलानाका छोरीहरु त पोइला जान्छन् भनेर लेनदेन गर्दैनथे ।

बुहारीहरुले धेरै खिप्ती खेप्ने हुनाले आ-आफ्नै ढङ्गले दुःख व्यक्त गर्दथे । दुःखको सास्ती, बुहार्तन, १२ भुक्तान, शासन, आगो खाएर अँगार हगाउनी, खली खानी, पटुका कसेर हिंड्ने, माइतीका बलले बाँच्ने, सधैंको तप्केनी, टोकसो, खटन, बाघको जस्तो डर, मरे बरु सुख पाइन्थ्यो, ३ फेर परान जानी, परान फुस्कनी भनेर आपसमा दुःख बिसाउँथे । केही चेलीहरुले माइतमा बस्दा पनि आफ्नो भविष्य अन्धकार भएको देख्दा केही उखान सुनाउँथे । यो छोरीको हारेको जुनी, क्यै गरेनी घरबारै नहुनी । घरको दुःख गरे धन्सारमा हात, माइतीको दुःख गरे कोखिलामा हात । कहिले सासुको पालो कहिले बुहारीको पालो । अरु भुले पिरतीमा, म भुलें फोक्कैमा । सम्पत्तिमा सबैको हाइहाइ विपत्तिमा कोही छैन दाजुभाइ । घरको न घाटको भइयो । तीन न तेह्र भइयो । निभेको आगो कसैले ताप्दैन ।

एकजना मानिसले ठुलै साहुका घरमा छोरी दिएछन् । त्यस घरमा ३ वटी सासु, १३ भाइ छोरा, ६ वटी नन्द आमाजु, ७ वटी जेठानी, जेठाजुका छोराछोरीहरु र गोठालाहरु गर्दा सधैं काम गरिरहने र खान पालै नआउने भएछ । माइतबाट खर्च लगेर कोठीमा पकाएर खाने र घरको काम गरिछन् । माइतीले दिन गनेर खर्च सकिएपछि भरियालाई बोकाएर पठाउँदा रहेछन् । २/३ वर्षपछि ससुराली आउँदा भदाहा भदैहरुले बाल सुलभ तरिकाले ए पुसाजु तपाईंको घरमा चामल, घिउ, पिठो छैन ? दूध खान भैसी पाल्नुभएको छैन ? भन्दा लाज मानेछन् । आफू लाहुरे भएको हुनाले लाहुरबाट आउँदा ४० सालमा दुलहीको सिरानी मुनी नबोलिकन रु २० राखिदिएछन् । नन्दले पैसा राखेको देखेर आमालाई कुरा लगाइछन् । सासुले छोरा बुहारीलाई गाली गरेर पैसा मागेर राखीछन् । अर्को वर्ष लाहुर लगेछन् र घरवार राम्रो बनेछ ।

अर्का एकजनाले तेरो छोरी फलाना साहुको घरमा दिउँभन्दा राम्रै होला भनेर हुन्छ भनेछन् । सासु जाद्री र धनीकी छोरी हुनाले बुहारीलाई सारै हेला गरिछन् । बुहारीलाई कहिल्यै खान नदिने, सधैं काममात्र गर्नुपर्ने माइती मावली र लमीलाई समेत फलाना नाँगाकाहा मेरो छोरालाई पार्‍यो भनेर गाली गर्दी रहिछन् । सासु दुर्जन भएको हुनाले ससुराले पनि केही बोलेन्छन् । त्यसबेला बाउआमासँग छोराहरु बोल्ने चलन थिएन । बोलीहालेमा कि घर छोडेर हिंड्नुपर्थ्यो कि छुट्याइदिन्थे ।

उमेर पुगेपछि ज्वाई लाहुरे भएछन् । लाहुरबाट आउँदा ससुरालीमा बोलाएर सल्लाह गरेछन् र लाहुर लैजाने भएछन् । ज्वाई घरबाट हिंड्ने दिनमा ससुरालीले छोरीलाई गल्याङसम्म ल्याइदिएछन् र छोरीज्वाइँलाई गाडीमा चढाएर आफूले नुन लिएर घर फर्केछन् । त्यसपछि घरवार राम्रो बनेछ । पछि मर्ने बेलामा उनै बुहारीले सेवा गरिछन् र उनैको काखमा प्राण गएछ ।

एकजना लमीले साहुको घरमा मास्टर केटो देखेर विवाह गरिदिएछन् । नाति जन्मेर हिंड्ने हुँदासम्म पनि बुहारीलाई कहिल्यै अघाउन्जेल खान नदिने, कहिले भागै नलगाउने गर्दा रहेछन् । नाति लिएर बुहारी भागेर माइत गइछन् । माइतीले लमीलाई त्यो कुरा सुनाएछन् । लमीले केटालाई दुलही लिन जान पठाएछन् । मास्टर भए पनि बाउ आमासँग डराएर ससुराली नभनिकन पढाउन स्कुलमा गएजस्तो गरेर लमीसँग ससुराली गएछन् र साँझमा लमीले बुहारी लिएर आएछन् । दुलाहाले ढिलो गरेमा ससुराली गएको थाहा पाउँछन् भनेर ससुराली पुगेर उत्तीखेरै फर्केर सधैंको समयमा घर गएछन् । साँझमा बुहारीलाई देखेपछि हामीलाई नसोधी माइत जाने ? छोराको अर्को बिहे गर्ने हो भनेर कराउन थालेछन् । त्यसपछि लमीले बेसरी गाली गर्दै तिमीहरुले बुहारी पाल्न नसक्ने भए किन विहे गरेको ? मसँग रुन आयौ र विवाह गरिदिएँ । अर्को बिहे गरे पनि अन्न नखाने र कपडा नलाउनी कहाँ विवाह गर्ने होला । यो केटीलाई खान दिएनौ भने मैले पञ्चायत बसालेर कि अंश लाइदिन्छु कि तिमीहरुलाई मुद्दा दिएर थुनाउन लैजान्छु भनेर हप्काएछन् । भात आटो अघाउन्जेल नदिए पनि रोटी मकै बनाएर खान पाइछन् ।

दुःख खेपेका बुहारीहरुले आफ्ना पिरलाई गीत गाएर बिसाउँथे । धनी घरको सम्पत्ति नखाइ नलाइ सकियो, बाजलपाते लहरीले कम्मर कसियो । मलाई देख्दा ससुरा काला निला अँधेरा, ठुलो गाउरी बोकेर बज्यै पँधेरा । स्वामी मेरा सधैं हुन्छन् खुन खाएका बाघ झैं, मेरो ज्यान सुक्यो आमा गोली धागा झैं । वर्तमानमा महिलाहरुमा आएको जागरणले गर्दा २०७८ सालसम्ममा र ५० सालको तुलना गर्दा केही कुराहरुमा भिन्नता पाइएको छ । पहिले खान्दान र सम्पत्ति हेर्ने अहिले केटो / केटी र पढाइ हेर्ने । पहिले सासु कस्ती पर्छे भनेर बुहारीले पीरमान्ने अहिले बुहारी कस्ती पर्छे भनेर परिवारले पिर मान्ने । पहिले बुहारीलाई रहलपहल र नमिठो दिने, अहिले पहिल्यै र मिठो दिने । पहिले छोरीको घर बनाउन कोसेली पठाएर सासू रिझाउने, अहिले बुहारीको हातमा कारोबार दिएर रिझाउँनुपर्ने । पहिले लोग्नेले सौता ल्याउने, अहिले श्रीमतीले अंश लिने वा सम्बन्धविच्छेद गर्ने ।

# स्थानीय तहमा स्वास्थ्यका योजना तथा कार्यक्रम प्राथमिकीकरणः चुनौती र समाधान




संविधानले आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने जिम्मेवारी स्थानीय तहलाई सुम्पिएको छ । सोही अनुरूप स्थानीय तहमा स्वास्थ्य सेवा समायोजन भएको पनि ८ वर्ष पूरा भइसकेको छ । झन्डै एक दशक पुग्न लाग्दा समेत स्वास्थ्यलाई स्थानीय तहले पूर्णरूपमा अपनत्व लिन सकेको अवस्था छैन । योजना छनोट लगायतका प्रक्रियामा स्थानीय सरकारले स्वास्थ्य क्षेत्रलाई कम प्राथमिकता दिँदा स्वास्थ्य कार्यक्रमहरूको योजना तर्जुमा र प्राथमिकीकरण अहिले टड्कारो समस्याको रूपमा देखिएको छ ।

अझै पनि धेरै जनप्रतिनिधिले स्वास्थ्य सेवालाई संघीय सरकारकै जिम्मेवारीका रूपमा बुझ्ने गरेका छन्, जसका कारण उनीहरूले यस विषयमा खासै चासो देखाएका छैनन् । अहिले पनि स्वास्थ्य क्षेत्र संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमहरूकै भरमा सञ्चालन भइरहेको छ । वास्तवमा, संघीयताको मूल मर्म अनुसार स्वास्थ्य कार्यक्रमहरू स्थानीय आवश्यकता अनुरूप सञ्चालन हुनुपर्ने हो । हाम्रो संवैधानिक व्यवस्था अनुसार प्रत्येक ५-५ वर्षमा जनप्रतिनिधि परिवर्तन हुन्छन् । जनप्रतिनिधिले स्वास्थ्यका प्राविधिक र नीतिगत विषय बुझ्ने बेलासम्म उनीहरूको कार्यकाल सकिने र फेरि पुरानै स्थिति दोहोरिने अवस्था छ ।

यस्तो अवस्था हुनुमा स्थानीय तहमा रहेका स्वास्थ्यकर्मीहरूले स्वास्थ्यको महत्त्व र आवश्यकता जनप्रतिनिधिलाई स्पष्टसँग बुझाउन नसक्नु पनि एउटा कारण हो। हामी १-२ पटकको प्रयासमा नै हार मान्ने गर्छौं, तर यो मानसिकताबाट बाहिरिनु जरुरी छ । जनप्रतिनिधिहरूमा स्वास्थ्य सेवा भनेको बिरामी पर्दा गरिने 'उपचारात्मक सेवा' मात्र हो भन्ने बुझाइ छ । त्यसलाई चिर्न जनस्वास्थ्यका क्रियाकलापले समग्र नागरिकको स्वास्थ्य स्थितिमा कसरी सुधार ल्याउँछ भन्ने कुरा तथ्यमा आधारित भएर बुझाउनु आवश्यक छ । स्थानीय तहहरू अहिले योजना तथा कार्यक्रम छनोटको सुरुवाती चरणमा छन्; यो समयमा जनप्रतिनिधिलाई संलग्न गराउन सकिएन भने यस वर्ष पनि स्वास्थ्य क्षेत्रमा पुरानै नियति दोहोरिने निश्चित छ ।

**वडास्तरमा के गर्ने ?**

१. सबै स्वास्थ्य संस्थाले आफ्नो समग्र अवस्थाको विश्लेषण गरी प्रतिवेदन तयार गर्ने ।

२. स्वास्थ्य संस्थाको नियमित सञ्चालन र सेवा सुदृढीकरणका लागि आवश्यक क्रियाकलापको सूची तयार गर्ने । यस चरणमा स्थानीय समुदायमा देखिने विशिष्ट स्वास्थ्य समस्याहरूलाई प्राथमिकता दिने र व्यवस्थापन समितिमा छलफल गर्ने ।

३. व्यवस्थापन समितिबाट योजनाहरूलाई प्राथमिकीकरण गर्ने र ती योजनाको औचित्य एवं अपेक्षित प्रतिफलसहित तथ्यमा आधारित सूची तयार पार्ने ।

४. वडा समितिका पदाधिकारी र स्वास्थ्यमा चासो राख्ने सरोकारवालाहरूको बृहत् बैठक आयोजना गरी तयार पारिएको योजनामा सुझाव माग्ने र स्थानीय अपनत्व सिर्जना गर्ने ।

**पालिका तहमा के गर्ने ?**

१. स्वास्थ्य शाखा प्रमुखले पालिकाको स्वास्थ्य क्षेत्रको समग्र अवस्थाको प्रारम्भिक प्रतिवेदन तयार पार्ने ।

२. स्वास्थ्य क्षेत्रमा गर्नुपर्ने अल्पकालीन र दीर्घकालीन कार्यहरूको वर्गीकरण गर्ने ।

३. वडागत रूपमा आवश्यकता पहिचान गर्न स्वास्थ्य संस्था प्रमुखहरूलाई अभिमुखीकरण गर्ने र तथ्यमा आधारित निर्णय प्रक्रियामा सहजीकरण गर्ने ।

४. पालिकामा सक्रिय गैरसरकारी संस्थाहरूसँग छलफल गरी उनीहरूका योजना र कार्यक्रमलाई पालिकाको योजना प्रक्रियामा सहभागी गराउने ।

५. वडा अध्यक्ष, स्वास्थ्य संस्था प्रमुख, पालिकाका प्रमुख/उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, योजना र आर्थिक प्रशासन शाखासहितको विशेष बैठक आयोजना गरी स्वास्थ्यको समग्र विश्लेषण प्रतिवेदन पेस गर्ने र सामूहिक पैरवीको वातावरण बनाउने ।

६. वडा स्तरबाटै स्वास्थ्यका योजनाहरू छनोट भई आउने वातावरण सिर्जना गर्ने ।

योजना छनोट गर्दा कुन योजना तत्कालका लागि हो र कुन दीर्घकालीन हो भन्ने स्पष्ट हुनुपर्छ । पालिका र स्वास्थ्य संस्थाले कार्यक्रम निर्माण गर्दा जनप्रतिनिधिहरूले चुनावका बेला जारी गरेको घोषणापत्रको सूक्ष्म अध्ययन गरी त्यसलाई अहिलेको आवश्यकतासँग जोडेर योजना बनाउनु अपरिहार्य छ । जिम्मेवार स्वास्थ्यकर्मीले जनप्रतिनिधिसँग जति धेरै अन्तरक्रिया र छलफल गर्छन्, कार्यक्रम छनोट हुने सम्भावना त्यति नै बढेको पाइन्छ ।

जनप्रतिनिधिहरू प्रायः आफ्नो नाम र प्रतिष्ठासँग जोडिएका कार्यक्रममा बढी रुचि राख्नुहुन्छ । त्यसैले योजनालाई सोही अनुसार ढाल्न सके धेरै कार्यक्रम स्वीकृत हुन सक्छन् । उदाहरणका लागि, 'नगरप्रमुख ज्येष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा' वा 'उपप्रमुख सुत्केरी पोषण कार्यक्रम' जस्ता कार्यक्रमहरू सफल देखिएका छन् । केही पालिकाले गरेका यस्ता अनुकरणीय कार्यहरूको स्थलगत अवलोकन गराउन सके निर्णय प्रक्रिया अझ सहज हुन्छ ।

अब स्थानीय तह सधैं 'हामी कमजोर छौं' भनेर बस्ने अवस्था छैन । संघीय सरकारबाट हस्तान्तरित सबै कार्यक्रम सबै पालिकामा मेल खाँदैनन्, न त बजेट र सञ्चालन प्रक्रिया नै सान्दर्भिक हुन्छन् । त्यसैले ससर्त अनुदानमा मात्र भर नपरी स्थानीय सरकार बिस्तारै आफैं सबल बन्ने दिशामा हिँड्नुपर्छ । आफ्ना लागि आवश्यक नीति र कार्यक्रम आफ्नै मौलिकता र स्थानीय पनमा निर्माण गर्नु नै संघीयताको वास्तविक कार्यान्वयन हो ।

संक्षेपमा, जनप्रतिनिधि र स्वास्थ्यकर्मीबिचको निरन्तर सहकार्य, तथ्यमा आधारित योजना र स्थानीय आवश्यकताको सम्बोधनबाट मात्र स्वास्थ्य सेवा प्रभावकारी बन्न सक्छ ।

-(लेखक लक्ष्मण ढकाल जनस्वास्थ्य निरीक्षक बागलुङ नगरपालिकामा कार्यरत छन् ।)

# गर्मीमा नरिवल पानी पिउनुका फाइदाहरू



गर्मी मौसम सुरु भएसँगै तापक्रम तीव्र रूपमा बढ्न थालेको छ । यस्तो अवस्थामा शरीरलाई शीतल र हाइड्रेटेड राख्नु एउटा चुनौतीका रूपमा देखिन्छ । गर्मीमा सही खानपान र विशेषगरी सही पेय पदार्थको छनोट निकै महत्त्वपूर्ण हुन्छ । प्राकृतिक पेयहरूमध्ये नरिवल पानीलाई सबैभन्दा उत्तम मानिन्छ; किनकि यसले शरीरलाई तुरुन्तै ताजा बनाउनुका साथै आवश्यक पोषक तत्त्वहरू पनि प्रदान गर्दछ ।

गर्मीमा धेरै पसिना आउँदा हुने थकान, चक्कर लाग्ने वा कमजोरी जस्ता समस्याहरूबाट बच्न यो निकै उपयोगी साबित हुन्छ । यसले शरीरको तापक्रम सन्तुलित राख्न मद्दत गर्छ, जसले गर्दा 'लु' लाग्ने जोखिम कम हुन्छ । त्यसैले गर्मीका दिनहरूमा यसको नियमित सेवनलाई एक राम्रो स्वास्थ्य बानीका रूपमा लिइन्छ ।

पोषणविद् डा. अरुणा उप्रेतीका अनुसार, गर्मीमा पसिना धेरै आउने भएकाले शरीरमा पानीको कमी हुन्छ, नरिवल पानीले प्राकृतिक रूपमा हाइड्रेशन कायम राख्न मद्दत गर्छ ।

१. इलेक्ट्रोलाइट सन्तुलन कायम राख्छ

यसमा पोटासियम, सोडियम र म्याग्नेसियम जस्ता खनिज तत्त्वहरू हुन्छन्, जसले शरीरको इलेक्ट्रोलाइट सन्तुलन मिलाउन सघाउँछ ।

२. पाचन प्रणाली सुधार गर्छ

नियमित नरिवल पानीको सेवनले अपच र कब्जियत जस्ता समस्या कम गर्न सहयोग गर्छ । यसमा पाइने इन्जाइमहरूले खाना सजिलै पचाउन मद्दत गर्छन्, जसले गर्दा ग्यास्ट्रिकको समस्यामा पनि राहत मिल्छ ।

३. छालालाई स्वस्थ र चम्किलो बनाउँछ

नरिवल पानीमा रहेका एन्टिअक्सिडेन्टले छालालाई डिहाइड्रेशनबाट बचाउँछ र प्राकृतिक चमक ल्याउन मद्दत गर्दछ ।

४. थकान र कमजोरी कम गर्छ

गर्मीका कारण हुने थकान मेटाउन यसले प्राकृतिक ऊर्जा पेय (इनर्जी ड्रिंक) झैं काम गर्छ ।

५. मुटुको स्वास्थ्यका लागि लाभदायक

यसले रक्तचाप नियन्त्रणमा सहयोग पुर्‍याउन सक्छ, जसले मुटुको स्वास्थ्यलाई राम्रो बनाउँछ ।

# खानेपानी कार्यालयको वित्तीय प्रगति ३० प्रतिशत



स्याङ्जा । स्याङ्जाको खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयको करिब ३० प्रतिशतमात्रै वित्तीय प्रगति देखिएको छ । चालु आर्थिक वर्ष २०८२/०८३ को पहिलो ९ महिना अर्थात् चैत्र महिना सकिंदासम्म विनियोजित बजेटको चालु र पुँजीगत खर्चको करिब ३० प्रतिशत वित्तीय प्रगति देखिएको हो ।

विनियोजित कुल ४१ करोड १९ लाख ५० हजार बजेटमध्ये १२ करोड ३१ लाख ५४ हजार खर्च हुँदा कार्यालयको वित्तीय प्रगति ३० प्रतिशत देखिएको छ । विनियोजित बजेटमध्ये चालुतर्फ ३२ दशमलव ४३ र पुँजीगततर्फ २९ दशमलव ६७ प्रतिशत खर्च हुँदा समग्रमा वित्तीय प्रगति २९ दशमलव ९० प्रतिशत देखिएको कार्यालयले जनाएको छ ।

चालुतर्फको तीन करोड ४२ लाख ५० हजारमध्ये एक करोड ११ लाख ७ हजार खर्च भएको छ भने पुँजीगततर्फ ३७ करोड ७७ लाख कुल बजेटमध्ये ११ करोड २० लाख ४७ हजार खर्च भएको छ । वित्तीय प्रगति ३० प्रतिशतको हाराहारीमा देखिएको कार्यालयको भौतिक प्रगति भने ६० प्रतिशत रहेको डिभिजन प्रमुख किरण पौडेलले जानकारी दिए ।

'प्रत्येक ३/३ महिनामा २० प्रतिशतका दरमा आर्थिक वर्षको पहिलो ९ महिनामा वित्तीय र भौतिक गरी दुबैतर्फ ६० प्रतिशत प्रगति देखिनु पर्थ्यो,' प्रमुख पौडेलले भने- 'वित्तीय प्रगति नदेखिए पनि भौतिक प्रगति लक्ष्यअनुसार भएको छ ।' वर्षको सुरुवात भएको र अन्तर्राष्ट्रिय द्वन्द्वले वित्तीय प्रगति सुस्त देखिन्छ । तर, अब सबै क्षेत्र सकारात्म भएमा भौतिक प्रगतिको तुलनामा वित्तीय प्रगति क्रमशः रुपमा बढ्दै जाने प्रमुख पौडेलले बताए ।

स्याङ्जा र कास्की गरी दुई जिल्ला कार्यक्षेत्र रहेको कार्यालयले ३७ करोड ७७ लाखको लागतमा ३४७ योजनाहरु सञ्चालन गरेको छ । स्याङ्जातर्फ २६ करोड १२ लाखमा २२८ वटा योजना सञ्चालनमा ल्याएको कार्यालयले कास्की जिल्लातर्फ ११ करोड ३५ लाखको लागतमा ११४ वटा र ३० लाखको लागतमा ५ वटा संयुक्त जिल्लामा गरी ३४७ खानेपानीका योजना कार्यान्वयनमा रहेको जनाएको छ ।

स्याङ्जामा संघ विशेष अनुदानतर्फ एक करोड २० लाखको एक, मर्मतसम्भार तथा प्रणाली सुदढिकरणमा तीन करोड १८ लाखको ४८, क्रमागत आयोजनामा १० करोड ६३ लाखका १३५, बहुवर्षीय तथा श्रोत सुनिश्चितमा १० करोड ६१ लाखको ४३ र खानेपानी सेवा विस्तार तथा पुनर्स्थापनामा ५० लाख लागतको एक गरी २६ करोड १२ लाखको लागतमा २२८ खानेपानीका योजनाहरु सञ्चालन गरेको कार्यालय इञ्जिनियर आशिष कार्कीले जानकारी दिए ।

त्यसैगरी कास्की जिल्लाका लागि संघ विशेष अनुदानतर्फ ३५ लाखको एक, मर्मतसम्भार तथा प्रणाली सुदढिकरणमा तीन करोड एक लाखको ४२, क्रमागत आयोजनामा चार करोड ४२ लाखका ५२, बहुवर्षीय तथा श्रोत सुनिश्चितमा दुई करोड ३२ लाखको ५२, संघको सशर्त ५० लाखको एक, जलवायु अनुकुलित ५० लाखको एक र खानेपानी सेवा विस्तार तथा पुनर्स्थापनामा २५ लाख लागतको एक गरी ११ करोड ३५ लाख बजेटमा ११४ योजनाहरु सञ्चालनमा ल्याएको छ ।

दुबै जिल्लामा सञ्चालनमा रहेका अधिकांश योजनाहरुअन्तर्गत खानेपानी ट्यांकी र धारा जडान गर्ने कार्य तीव्र रुपमा भइरहेको कार्यालय सूचना अधिकारी तथा इञ्जिनियर कमल बरालले जनाए । तोकिएकै समयसिमा भित्र योजना सम्पन्न गर्न ठेक्का लगाएका र समितिमार्फत् निर्माण भइरहेको योजनाहरुको काम सक्नेगरी कार्यालयले समन्वय गरिरहेको इञ्जियिनर बरालले बताए । चालु आर्थिक वर्षमा करिब ३५ सय खानेपानीका नयाँ धारा जडान गर्ने कार्यालयले लक्ष्य लिएको छ ।

# एक अर्ब ४७ करोड बढी राजस्व सङ्कलन

चितवन । गत आर्थिक वर्षमा भन्दा चालु आवमा रु एक अर्ब ४७ करोड १८ लाख बढी राजस्व सङ्कलन भएको छ । आन्तरिक राजस्व कार्यालय भरतपुरले चालु आवको चैत मसान्तसम्ममा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा राजस्व सङ्कलन बढाएको हो ।

कार्यालयका अनुसार चैतसम्ममा रु १८ अर्ब पाँच करोड ५० लाख राजस्व सङ्कलन भएको छ । गत आवको सोही अवधिमा रु १६ अर्ब ५८ करोड ३२ लाख राजस्व सङ्कलन भएको थियो । वार्षिक लक्ष्यअनुसार भने राजस्व सङ्कलन हुन सकेको छैन ।

चालु आवको चैतसम्ममा रु २० अर्ब ६१ करोड २४ लाख लक्ष्य रहेकामा ८७ दशमलव ५९ प्रतिशत प्रगति भएको कार्यालयका प्रमुख पुण्यविक्रम खड्काले जानकारी दिए । उनका अनुसार गत आवको सोही अवधिका लागि आन्तरिक राजस्व कार्यालयले रु १८ अर्ब ३४ करोड ८९ लाख लक्ष्य दिएकामा ९० दशमलव ३८ प्रतिशत प्रगति भएको थियो । राजस्व बढी सङ्कलन भए पनि लक्ष्यअनुसार प्रगति प्रतिशत भने गत आवको तुलनामा चालु आवमा कम रहेको उनले बताए ।

चालु आवको अन्त्यसम्मका लागि रु ३१ अर्ब पाँच करोड ९५ लाख चार हजार राजस्व सङ्कलन गर्ने लक्ष्य रहेको कार्यालय प्रमुख खड्काले जानकारी दिए । गत आवको अन्त्यसम्मका लागि रु २६ अर्ब ६० करोड ९७ लाख ६० हजार राजस्व सङ्कलन गर्ने लक्ष्य थियो ।

खड्काले अन्तःशुल्कमा राजस्व कम उठेकाले राजस्व बढे पनि लक्ष्यमा पुग्न नसकिएको बताए । उनका अनुसार भरतपुर महानगरपालिका-२९ जुगेडीमा रहेको रोलिडरिभर नामको मदिरा उद्योग बन्द हुँदा वार्षिक रु एक अर्ब राजस्व घटेसँगै लक्ष्यमा पुग्न कठिन भएको हो ।

चालु आवमा अन्तशुल्क ८९ दशमलव ३५ प्रतिशत असुल गरिएकामा गत आवमा यो प्रतिशत ९३ दशमलव २९ थियो । चालु आवमा रु १३ अर्ब ४९ करोड ६३ लाख अन्तशुल्क सङ्कलन भएको कार्यालय प्रमुख खड्काले जानकारी दिए । गत आवमा रु १२ अर्ब ९४ करोड ४१ लाख अन्तशुल्क सङ्कलन भएको थियो । कार्यालयले असारसम्म लक्ष्यमा पुग्नेगरी काम अघि बढाएको उनको भनाइ छ ।

खड्काका अनुसार रु पाँच अर्बभन्दा बढी बाँकी रहेको बक्यौता असुलीलाई कडाइका साथ लागिएको छ । त्यस्तै रु दुई अर्ब १५ करोड ८६ लाख बेरुजु फछ्र्यौटका लागि तीव्र रूपमा काम अघि बढाइएको छ । सो बेरुजुमध्ये नियमित गर्नुपर्ने र असुल गर्नुपर्ने दुवैलाई फछ्र्यौट गर्ने अभियान थालिएको कार्यालय प्रमुख खड्काले जानकारी दिए । उनका अनुसार कार्यालयले ६० वटा करदाताको अनुसन्धान गरिरहेको छ ।

चालिस वटा फर्मको अग्रिम कर कट्टीको परीक्षण भइरहेको जनाउँदै प्रमुख खड्काले नियमित बजार अनुगमनलाई निरन्तरता दिइएको उल्लेख गरे ।

विलासिताको करवापत तिर्नुपर्ने दुई प्रतिशत असुल गर्न कार्यालयले अनुगमन एवं ताकेता गरिरहेको उनले बताए ।

प्रमुख खड्काका अनुसार उद्योग वाणिज्य सङ्घहरू, उद्योग सङ्घ, चेम्बर अफ कमर्शलगायत तिनका वस्तुगत सङ्घसंस्थाहरूसँग सहकार्य गरेर करदाता शिक्षा कार्यक्रम सञ्चालन भइरहेका छन् । अवैध मदिरा नियन्त्रण समितिमार्फत अवैध मदिरा नियन्त्रण गर्न अनुगमन टोली गठन गरेर काम अघि बढाइएको उनले जानकारी दिए ।

जिल्लास्थित राजस्व चुहावट नियन्त्रण समितिमार्फत् हाटबजार, मेला, महोत्सवको अनुगमन गरी अवैध मदिराको बिक्री वितरण भए/गरेको पाइएमा तत्काल कारबाही गर्नेगरी काम अघि बढाइएको उनले जानकारी दिए । उनका अनुसार यस कार्यालयअन्तर्गत व्यावसायिक करदाता ७४ हजार ३७९ जना र व्यक्तिगत करदाता एक लाख ८६ हजार ५७३ जना छन् ।

**कसरी...**

४. मन्त्रिपरिषद्बाट अन्तिम स्वीकृति

प्रदेश सरकारबाट सिफारिस भएर आएपछि सङ्घीय मामिला मन्त्रालयले त्यसको अध्ययन गर्नेछ । अन्त्यमा, मन्त्रालयले उक्त सिमाना वा संख्या हेरफेरको प्रस्तावलाई अन्तिम स्वीकृतिका लागि नेपाल सरकारको मन्त्रिपरिषद् (क्याबिनेट) बैठकमा पेस गर्नेछ । मन्त्रिपरिषद्ले पास गरेपछि मात्र सिमाना वा संख्या हेरफेरको निर्णय लागु हुनेछ ।

यसरी, स्थानीय तहको सिमाना र संख्या हेरफेर गर्न पहिले विज्ञसहितको टोलीले अध्ययन गर्नुपर्छ भने त्यसपछि स्थानीय तहले दुई तिहाइबाट पास गर्छ ।

त्यसलाई प्रदेश सरकारले सिफारिस गरेपछि र अन्त्यमा संघीय सरकारले स्वीकृति दिएपछि मात्र पालिका वा वडाको सिमाना र संख्या हेरफेर हुन्छ ।

यद्यपि यो मस्यौदामा सुझाव दिन मन्त्रालयले सातै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा ३ दिनको समय तोकेर ३ बैशाखमा परिपत्र जारी गरेको छ । प्रदेशबाट प्राप्त सुझावमा आधारमा यो मस्यौदा संशोधन पनि हुनसक्छ ।

**व्यवसायीमाथि...**

संघका पूर्व अध्यक्ष दीपक अधिकारीले व्यवसायीले तिरेको करबाट तलब भत्ता खाएर शासन चलाउनेहरुले व्यवसायीहरूमाथि नै अन्यायपूर्ण व्यवहार गर्दै आएको भन्दै आपत्ति जनाए ।

अमरपथका पुराना व्यवसायी अनुपमान सैंजूले अमेरिका इरान युद्धको असरले महंगी र मन्दीको मारमा परेका व्यवसायीमाथि बुटवल उपमहानगरले ज्यादती गरेको गुनासो गरे । वर्षौंदेखि चौराहा-गोलपार्क सडक पूरा गराउन, छाडा चौपाया व्यवस्थापन, खस्कदै गएको बुटवलको व्यवसाय गुल्जार गराउनेतिर काम गर्नुको साटो नगर प्रहरी लगाएर व्यवसायीमाथि झम्टेर आतंकित बनाउनु निन्दनीय भएको बताए ।

नेपाल पत्रकार महासंघ रुपन्देहीका पूर्व अध्यक्ष यानेन्द्र जीसीले छाडा चौपाया व्यस्थापन गर्न नसक्ने उपमहानगरले वर्तमान विषम परिस्थितिमा व्यवसायीमाथि ज्यादती गरेको भन्दै तीखो कटाक्ष गरेका छन् ।

नेकपा एमाले बुटवल नगर अध्यक्ष शोभाखर पोखरेलले बुटवलमा सडक पेटी खाली गर्ने नाममा व्यवसायीमाथि गरिएको व्यवहार अस्वीकार्य भएको बताएका छन् । कानून लागू गर्ने नाममा कमजोर वर्गलाई दबाउने होइन, संरक्षण गर्ने दायित्व स्थानीय सरकारको हो भन्दै उनले विकासको नाममा मानवीयता नमार्न, व्यवसायीको सम्मान र संवेदनशीलता कायम राख्न सुझाव दिएका छन् ।

# पर्यटकलाई आकर्षित गर्दै बराहताल



ढोरपाटन । तमानखोला गाउँपालिका-२ मुठाचौरमा रहेको बराहताल एक दशक अगाडिसम्म ओझेलमा थियो । गाउँपालिकाले पूर्वाधार निर्माण गरी प्रचारप्रसार गर्न थालेपछि अहिले दैनिक आन्तरिक पर्यटकको घुइँचो नै लाग्न थालेको छ । समुद्री सतहदेखि करिब दुई हजार ७०० मिटरको उचाइमा रहेको तालसम्म सडक पुगेपछि पर्यटकको आकर्षण बढेको हो ।

गण्डकी प्रदेश सरकार र गाउँपालिकाको करिब डेढ करोड बढी लगानीमा सडक, खानेपानी, शौचालय, घेराबार, पदमार्ग निर्माणलायत भौतिक पूर्वाधार निर्माण गरिएको छ । एक दशक अगाडिसम्म ताल आसपासका तमानखोला र ढोरपाटनका विभिन्न ठाउँबाट स्थानीय पूजाआजा गर्न जाने गरे पनि अन्य ठाउँबाट पर्यटक आउँदैनथे । तर पछिल्लो केही वर्षयता दैनिक पर्यटक आउन थालेको तमानखोला गाउँपालिका-२ का भूमिराज विकले बताए ।

स्थानीयहरूले वस्तुभाउ चरिचन गर्ने र गोठमा बस्ने गोठालाले पानी भर्ने ठाउँ अहिले पर्यटकीय गन्तव्य बन्दा खुसी लागेको विकले सुनाए । दुई वर्ष अगाडिमात्रै मोटरबाटो मुगेको बराहतालमा दैनिक पर्यटक घुम्न आउने उनको भनाइ छ । पर्यटक आउन थालेपछि स्थानीय उत्पादनसमेत बिक्री हुन थालेको विकको भनाइ छ ।

"बराहताल आजभन्दा १० वर्ष अगाडि धेरै ठूलो थियो, अहिले त यति ठूलो छ, पहिला नयाँ वर्षमा फाट्टफुट्ट मान्छेहरू घुम्न आए पनि अरु बेला आउँदैनथे", विकले भने-"अहिले त दिनहुँजसो पर्यटकको आइरहन्छन्, यस्तो ठाउँमा यति धेरै मान्छे आउलान् भन्ने त लागेको थियो ।"

ताल घुम्न आउने पर्यटकले तमानखोलाको विभिन्न गाउँमा उत्पादन हुने आलु, सिमी, भाँगोलगायत वस्तु किनेर लैजाने गरेको स्थानीय तुलबहादुर छन्त्यालले बताए । यतिबेला ताल वरपरको घना जङ्गलमा गुराँस फुलेको हुँदा रमाउन आउनेको संख्या पनि बढेको उनको भनाइ छ ।

उनले भने-"नयाँ वर्षका दिन त यहाँ दशौँ हजार मान्छे आउँथे, तर अहिले त नयाँ वर्ष मनाउन अघिल्लो दिनै आएर रातभर जागराम बस्ने, गीत गाउने र रमाइलो गर्ने पर्यटकहरू बढेका छन्, सडकले सहज पनि बनायो, प्रचारप्रसार पनि राम्रोसँग हुँदा पर्यटक बढे ।"

गाउँपालिकाका अध्यक्ष जोकलाल बुढामगरले बराहताललाई पहिलो प्राथमिकतामा राखेर काम गरेको बताए । तालको तीव्र प्रचारप्रसार हुँदा आन्तरिकमात्र नभई बाह्य पर्यटकसमेत आउने गरेको उनको भनाइ छ । ढोरपाटन सिकार आरक्षमा पुग्ने पदमार्ग यही ताल क्षेत्रमा पर्ने हुँदा विदेशी पर्यटकको रोजाइमा समेत बराहताल परेको अध्यक्ष बुढामगर बताउँछन् ।

# गौतमबुद्ध प्रेस क्लबको भित्तेपत्रो सार्वजनिक



कञ्चन । रुपन्देहीको कञ्चन, सैनामैना र गैडहवालाई कार्य क्षेत्र बनाई पत्रकारिता तथा सञ्चारकर्म गर्ने सञ्चारकर्मी तथा पत्रकारहरुको साझा संस्था गौतमबुद्ध प्रेस क्लब रुपन्देहीको भित्तेपात्रो सार्वजनिक भएको छ । नयाँ वर्ष २०८३ का लागि प्रकाशन गरिएको उक्त भित्तेपात्रोको सार्वजनिक सैनामैना नगरपालिका वडा नं. ७ का वडाध्यक्ष राजकुमार चौधरीले गरेका हुन् ।

भित्तेपात्रो सार्वजनिक गर्दै वडाध्यक्ष राजकुमार चौधरीले राज्यको चौथो अंगको रुपमा रहेको पत्रकारिताले समाजलाई सृजनशिल रुपमा अगाडि बढाउन सृजनशिल मार्गतर्फ डोऱ्याउने विचार व्यक्त गरेका थिए । पत्रकारिता झट्ट हेर्दा जति सहज देखिन्छ त्योभन्दा बढी जटिल र जिम्मेवारी बहन गर्न उत्तिकै गाह्रो रहेको विचार व्यक्त गर्दै वडाध्यक्ष चौधरीले संस्था स्थापना गर्नुभन्दा त्यसलाई निरन्तर रुपमा संस्थाको जीवन्तता प्रदान गर्न गाह्रो रहेको र बन्दुकको गोलीबाट पराजित गर्न नसकिएका कैयौं युद्ध र लडाइहरु कलमको माध्यमबाट सञ्चारित मिसन पत्रकारिताले पराजित गरेका इतिहासहरु जीवित रहेको समेत वडाध्यक्ष चौधरीले उल्लेख गरेका थिए ।

यस्तै वडाध्यक्ष चौधरीले कलम र झोला भिरेरमात्र पत्रकारिता हुन नसक्ने, त्यसका लागि पत्रकारितालाई सामाजिक बनाउन र बन्नु कठिन विषय भएको उल्लेख गर्दै आफूसँग शक्ति छ भन्दैमा कुनै पनि शक्तिको दुरुपयोग गर्न नहुने विचार व्यक्त गरेका थिए । उनले स्थानीय क्षेत्रमा पत्रकारिता गर्ने पत्रकार तथा सञ्चाकर्मीहरुले स्थानीय क्षेत्रमा भइरहेका हरेक गतिविधिहरुलाई समेत समचार बनाएर प्रचार प्रसार गर्न आवश्यक रहेको र नयाँ पुस्तालाई समाज र समाजको चरित्र तथा सामाजिक उत्तरदायित्वको बारेमा सचेत गराउन पत्रकारहरुको अहम भूमिका रहने बताए ।

यस्तै गौतमबुद्ध प्रेस क्लबका सल्लाहकार तथा साझा टेलिभिजनका समचार प्रमुख छवि पाण्डले ग्रामीण क्षेत्रमा रहेर ग्रामीण क्षेत्रमा भइरहेका विभिन्न विकास, योजना, पर्यटन, कृषि तथा शिक्षा क्षेत्रकोबारेमा खोज पत्रकारिता गर्न सक्ने दक्ष जनशक्तिको अभाव रहेको र पत्रकारहरुलाई खोज पत्रकारिताबारे तालिम सञ्चालन गर्न अति आवश्यक रहेको विचार व्यक्त गरेका थिए ।

कार्यक्रमका अध्यक्ष तथा क्लबका अध्यक्ष थानेश्वर घिमिरे नविनले आफू संस्था नेतृत्वमा आएपछि जिम्मेवारीपूर्वक काम गर्ने अठोटका साथ अघि बढेको बताए । प्रेस क्लबलाई सबैको साझा संस्था बनाउने लक्ष्यसहित काम गरिरहेको उल्लेख गर्दै उनले सैनामैना, कञ्चन र गैंडहवा क्षेत्रको समग्र विकासमा सञ्चार माध्यममार्फत् सकारात्मक योगदान पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेका थिए ।

अध्यक्ष घिमिरले गौतमबुद्ध प्रेस क्लबले केवल समाचार सम्प्रेषण गर्ने मात्र होइन, समाजलाई सही दिशातर्फ डोऱ्याउने जिम्मेवारी पनि बोकेको उल्लेख गर्दै आगामी दिनमा क्लबले पत्रकारहरूको क्षमता अभिवृद्धि, निष्पक्ष पत्रकारिता प्रवर्द्धन तथा स्थानीय मुद्दाहरूलाई राष्ट्रियस्तरसम्म पुऱ्याउने लक्ष्य राखेको उल्लेख गरे ।

यसैगरी सल्लाहकार डिआर पन्थीले गौतमबुद्ध प्रेस क्लबमा सम्बद्ध पत्रकार तथा सञ्चारकर्मीहरुको क्षमता अभिवृद्धिका लागि अध्ययन र निरन्तरता आवश्यक पर्ने उल्लेख गरे । कार्यक्रममा सल्लाहकारहरु जगीलाल थापा र टीका खरेलले समेत शुभकामना दिँदै पत्रकारितालाई मर्यादित र अनुशासित हुँदै समाज रुपान्तरण्का लागि सृजनशिल बनाउन आवश्यक रहेको सैनामैना, कञ्चन र गैंडहवाको विकास र समृद्धिका सम्भावनाको खोजी गरी समाचार तयारगरी ग्रामीण क्षेत्रको पत्रकारितालाई मोफसलसँग जोड्न आवश्यक रहेको विचार व्यक्त गरेका थिए ।

क्लबका महासचिव अनिल पहाडीको सञ्चालन तथा सचिव नरेश चौधरीको स्वागतमा भएको कार्यक्रममा गौतमबुद्ध प्रेस क्लबका पदाधिकारी तथा सदस्यहरुको समेत सहभागिता रहेको थियो । कार्यक्रम सैनामैना ७ स्थित होटल द दारीमा भएको थियो ।

**श्री सरस्वती माध्यमिक विद्यालय**
**सैनामैना – ७, देउवापार, रुपन्देही**

**शिक्षक आवश्यकता**

मिति २०८३/०१/०३

प्रस्तुत विषयमा सैनामैना नगरपालिकाको च नं. ३७५६ मिति २०८३/०१/०२ को प्राप्त अनुमति पत्र अनुसार यस श्री सरस्वती मा.वि. मा माध्यमिक तह विज्ञान विषय (शिक्षण सिकाइ अनुदान कोटा) को लागि शिक्षक आवश्यकता परेको हुँदा यो विज्ञापन गरिएको छ । योग्यता पुगेका नेपाली नागरिकहरु बाट दरखास्त आहावान गरिन्छ ।

**तपसिल**

१. **विज्ञापन नं.**२१७०१/०८३
२. **आवश्यक पद** :- माध्यमिक तह विज्ञान शिक्षण सिकाइ अनुदान शिक्षक ।
३. **पद संख्या** :- १ ४. **आवेदन दस्तुर** : रु २०००/-
५. **योग्यता** :- विज्ञान मूल विषय लिई स्नातक तह वा सो सरह उत्तिर्ण ।
६. **उमेर** :- २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
७. **दरखास्त दिने अन्तिम मिति** :- २०८३/०१/१८ गते ।
८. **सम्पर्क मिति** :- २०८३/०१/१८ गते दिउसो ४ बजे ।
९. **परीक्षाको किसीम** :- लिखित, अन्तरवार्ता र कक्षा अवलोकन ।
१० **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।
११. **आवश्यक कागजातहरु**: हस्त लिखित निवेदन ।
नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
अध्यापन अनुमतिपत्रको प्रतिलिपी ।
शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपी ।
१२. **दरखास्त दिने स्थान** : श्री सरस्वती माध्यमिक विद्यालयको कार्यालय सैनामैना-७, देउवापार रुपन्देही

**पुनश्च :- शिक्षक सेवा आयोगको करार सुचीबाट निवेदन परेमा अन्य आवेदकको आवेदन दस्तुर फिर्ता गरिनेछ ।**

**प्रधानाध्यापक**

**ट्वाइलेट सफा गराउनुहोस्**

**तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।**

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

**सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?**
**हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।**
**क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार**



**प्रो. रामशाह शाहानी**
**विशाल सेनेटरी**
**बर्मेलीटोल, भैरहवा**
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

**के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।**

सम्पर्कः
**तिनाउ सेनेटरी**
**बुटवल-१०, सुखानगर, रूपन्देही,**
**फोनः ९८५७०५८८१३,९८०७१८०८१३**



**काफल बिक्री गर्दै महिलाः**
दाङको घोराही उप-महानगरपालिका-१५ स्थित बैंक रोडमा रोल्पाको रुन्टीगढी गाउँपालिकाको मसिनाबाट ल्याइएको काफल बिक्री गर्दै महिला। काफल घोराहीमा प्रतिमाना दुई सय रुपैयाँमा बिक्री हुँदै आएको छ। तस्विर : कुलदीप न्यौपाने /रासस

# स्टान्डर्ड टेलरिङ्ग सेन्टर नयाँ व्यवस्थापनमा पुनः सञ्चालन



बुटवल । बुटवलको राजमार्ग चौराहामा नयाँ व्यवस्थापनका साथ स्टान्डर्ड टेलरिङ्ग सेन्टर पुनः सञ्चालनमा आएको छ। बुटवलमा लामो समयदेखि टेलरिङ्ग व्यवसायमा स्थापित सेन्टर पुरानो स्थानबाट अर्को ठाउंमा सर्नका लागि केही समय लागेको हो। युवा व्यवसायी सुवास परियारले बुबा चन्द्रबहादुर परियार र दुई भाइ समेतको संयुक्त पारिवारिक लगानीमा राजमार्ग चौराहामै टेलर्स सञ्चालनमा ल्याइएका हुन्।

उक्त टेलर्सको शनिबार एक कार्यक्रमका बीच नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष ठाकुरप्रसादश्रेष्ठले उद्घाटन गरे। सो अवसरमा बोल्दै श्रेष्ठले विषम परिस्थितिमा पनि ठुलो लगानीका साथ व्यवसाय शुरु गरेर स्वदेशमै रोजगारी सिर्जना गर्ने व्यवसायीहरुलाई राज्यले संरक्षण गर्नुपर्ने बताए। लामो व्यवसायिक अनुभव र गुणस्तरीय पहिरनका कारण स्टाण्डर्ड टेलरिङले यस क्षेत्रका ग्राहकको मन जित्न सफल भएको श्रेष्ठले बताए।

टेलर्सका सञ्चालक सुवास परियारले गुणस्तरीय सेवासँगै ग्राहकको चाहना र व्यक्तित्वलाई प्राथमिकता दिएर काम गर्ने बताए। लामो समयदेखि यस क्षेत्रमा व्यवसाय सञ्चालन गर्दा विभिन्न कठिनाइ आइपरे पनि ती सबै चुनौतीको सामना गदै नयाँ व्यवस्थापनका साथ ग्राहकको सेवामा जुटेको बताए। 'हाम्रो लक्ष्य केवल कपडा सिलाउनु मात्र होइन, गुणस्तरीय कपडा र गुणस्तरीय सिलाइमार्फत् ग्राहकको विश्वास जित्नु हो,' सुवासले भने-'पेशालाई अगाडि बढाउँदै जाँदा समय र ठाउँको माग तथा प्रविधिको विकाससँगै स्तरोन्नति गर्दै लगेका छौं।' गुणस्तरीय कपडा, उचित मूल्य र समयमै डेलिभरीको प्रतिबद्धताले टेलर्सलाई यस क्षेत्रमा बलियो ब्रान्डका रूपमा स्थापित गरिरहेको उनले बताए।

२०६१ सालमा बुटवलको बीपी चोकमा स्थापना भएको स्टान्डर्स टेलर्स २०७० सालदेखि राजमार्ग चौराहामा सञ्चालनमा आएको थियो। अहिले नयाँ व्यवस्थापनका साथ चौराहाबाटै पुनः सेवा सुरु भएको हो। सेन्टरले आधुनिकसँगै परम्परागत नेपाली पहिरनलाई पनि समान महत्व दिएको अर्का सञ्चालक विजय परियारले बताए।

सेन्टरले बुटवलसँगै भैरहवा र कपिलवस्तुको ४ नम्बरमा पनि शाखा विस्तार गरी गुणस्तरीय सेवा प्रदान गर्दै आएको र टेलर्समा ४० जनाले प्रत्यक्ष रोजगारी पाएको अर्का सञ्चालक बुद्धिमान परियारले जानकारी दिए।

# मगर युवा संघद्वारा विपन्न र जेहन्दार विद्यार्थीलाई शैक्षिक सामग्री वितरण



बुटवल। नेपाल मगर युवा संघ जिल्ला समन्वय समिति रूपन्देहीले जिल्लाका विभिन्न पालिकाका विपन्न तथा जेहन्दार विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरेको छ।

संघले शनिबार बुटवलमा एक कार्यक्रमकाबिच नव वर्ष २०८३ सालको शुभकामना आदानप्रदान, भित्ते पात्रो विमोचन एवम् विपन्न तथा जेहन्दार विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरेको हो। जिल्लाका विभिन्न पालिकाका आठ जना विपन्न तथा जेहेन्दार विद्यार्थीहरूलाई झोलासहित शैक्षिक सामग्री वितरण गरिएको हो।

कार्यक्रममा संघका सल्लाहकार तथा समाजसेवी क्या.प्रेमबहादुर गलामी मगर, नेपाल मगर संघ केन्द्रीय उपाध्यक्ष गिता सारू, नेपाल मगर संघ रूपन्देही सचिव राधिका श्रीस, नेपाल मगर संघ बुटवलका अध्यक्ष लुमबहादुर सारू, नेपाल मगर युवा संघ प्रदेश सदस्य इन्दु थापालगायतले आफ्नो हक अधिकार प्राप्तिका लागि मगर समुदायबिच एकता जरुरी रहेकोमा जोड दिए।

नेपाल मगर युवा संघ रूपन्देहीका अध्यक्ष हेमन्त बुढाथोकीले अग्रजहरूको त्याग र बलिदानकै कारण सिंगो मगर समुदाय इमानदार जातिको पहिचान बनाउन सफल भएको भन्दै अग्रजहरूको सल्लाह सुझावलाई आत्मसात गर्दै अगाडि बढ्ने बताए। उनले रुपन्देहीका १६ वटै पालिका मगर समुदायका जेहेन्दार, गरिब तथा विपन्न वर्गका विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गर्ने नीति रहेपनि कतिपय पालिकामा लक्षित वर्गका विद्यार्थी नभएको पाइएको बताए।

शैक्षिक सामग्री वितरण र भविष्यमा छात्रवृत्ति दिनका लागि अक्षय कोष स्थापना गर्ने लक्ष्य रहेको भन्दै उनले हाल क्यालेन्डर प्रकाशन बाट संकलित रकमबाट वितरण गर्दै आएको बताए। संघले अक्षय कोषका लागि ५० हजार रुपैयाँ छुट्टाएको भन्दै इच्छुक समाजसेवीलाई सहयोग गर्न अपील गरे।

संघका उपाध्यक्ष पहलसिं राना मगरको स्वागत मन्तब्यबाट सुरु भएको कार्यक्रम सचिव खेम आले मगरको सञ्चालनमा सम्पन्न भएको थियो।

# गुल्मीमा सातामा चार पटक हवाई सेवा सञ्चालन



गुल्मी। गुल्मीको रेसुङ्गा विमानस्थलबाट शनिबारदेखि सातामा चार पटक हवाई उडान सञ्चालन हुने भएका छन्। नेपाल वायुसेवा निगमले काठमाडौँबाट गुल्मीका लागि आइतबार, मङ्गलबार, बिहीबार र शनिबार उडान भर्ने तालिका सार्वजनिक गरेको हो।

यसअघि आइतबार, मङ्गलबार र बिहीबार उडान सञ्चालन हुँदै आएको थियो। नेपाल वायुसेवा निगमका आन्तरिक उडानतर्फ रहेका ट्विनअटर जहाजको मर्मतसम्भार गरेसँगै उडान तालिका थप गरिएको रेसुङ्गाका स्टेसनका प्रमुख सुमन थापाले जानकारी दिए। उनका अनुसार निगमको उडान तालिका थप भएसँगै भाडादरसमेत वृद्धि भएको छ।

पेट्रोलियम पदार्थको मूल्यवृद्धिसँगै रेसुङ्गा-काठमाडौँको हवाई उडानको भाडादरमा वृद्धि भएको स्टेसन प्रमुख थापाले बताए। नयाँ लागू गरिएको भाडादर अनुसार काठमाडौँबाट रेसुङ्गाका लागि रु १० हजार ९०२ र रेसुङ्गाबाट काठमाडौँका लागि रु १० हजार ७०२ निर्धारण गरिएको उनले जानकारी दिए। निगमले यसअघि काठमाडौँबाट रेसुङ्गाका लागि रु सात हजार ५०० र गुल्मीबाट काठमाडौँका लागि रु सात हजार ३०० भाडादर निर्धारण गरेको थियो।

विगतमा यात्रुहरूको अत्यधिक घुइँचो हुने गरेको रेसुङ्गा विमानस्थलमा पेट्रोलियम पदार्थको मूल्यवृद्धिसँगै भाडादरमा रु तीन हजार ४०२ मूल्य वृद्धि गरिएको स्टेसन प्रमुख थापाले जानकारी दिए। उनका अनुसार निगमले आन्तरिक उडानतर्फ ट्विनअटर जहाजले सेवा दिइरहेको छ।

वर्षाको समय र प्रतिकूल मौसमका कारणबाहेक पछिल्लो पाँच महिनादेखि गुल्मीको रेसुङ्गा विमानस्थलमा नियमित रूपमा हवाई सेवा सञ्चालन हुँदै आएको छ। नेपाल वायुसेवा निगमद्वारा १८ सिट क्षमताको ट्विनअटर जहाजबाट काठमाडौँ-रेसुङ्गा सेवा सञ्चालन हुँदै आएको छ।

काठमाडौँबाट आइतबार बिहान ८:०५ बजे र रेसुङ्गाबाट बिहान ९:०५ बजे र मङ्गलबार, बिहीबार र शनिबार काठमाडौँबाट बिहान ६:१५ बजे र रेसुङ्गा विमानस्थलबाट काठमाडौँका लागि बिहान ७:१५ बजे उडान हुने स्टेसन प्रमुख थापाले जानकारी दिए। दिउँसोको समयमा हावाको चाप बढी हुने भएकाले प्राविधिक दृष्टिकोणले बिहानको समयमा मात्र उडान भर्ने गरिएको उनको भनाइ छ।

गुल्मीमा हवाई उडान सुरु भएसँगै जिल्लामा आउने आन्तरिक एवं बाह्य पर्यटकको संख्यामा पनि वृद्धि हुँदै गएको छ। करिब १६ देखि १८ घण्टाको लामो स्थलमार्गबाट यात्रा गरेर राजधानी पुग्नुपर्ने बाध्यता हटेको यात्रुहरू बताउँछन्। सेवा सुरु भएपछि हवाईमार्गबाट ४५ देखि ५० मिनेटमा गुल्मीबाट राजधानी आवतजावत गर्न सकिन्छ। गुल्मीमा नेपाल वायुसेवा निगमले विसं २०८० वैशाख २९ गतेदेखि व्यावसायिक रूपमा हवाई उडान सुरु गरेको थियो।

# आँधीखोला किनारमा फल्यो तरबुजा



**प्रकाश डोटेल**
*स्याङ्जा*

स्याङ्जाको भीरकोट नगरपालिकास्थित आँधीखोला किनार क्षेत्रको बगरमा परीक्षणका रूपमा लगाइएको तरबुजाले फल दिन थालेको छ। व्यावसायिक तरबुजा खेतीको सम्भावना अध्ययन गर्न नगरपालिकाले बगरक्षेत्रमा परीक्षणका लागि तरबुजा खेती सुरु गरेको थियो। नगरपालिकाले कृषि क्षेत्रको विविधिकरण र आयआर्जन वृद्धि गर्ने उद्देश्यले नयाँ प्रयास अघि बढाएको जनाएको छ। हेफर परियोजना (प्रोजेक्ट) सँगको सहकार्यमा सञ्चालनमा आएको भीरकोट कृषि तथा पशु विकास परियोजनामार्फत् तरबुजा खेतीको सम्भाव्यता अध्ययन सुरु गरिएको हो। अध्ययन सफल भएसँगै व्यावसायिक उत्पादनमा विस्तार गर्ने लक्ष्य राखिएको छ।

आँधीखोला किनार क्षेत्रको हावापानी र माटो तरबुजा खेतीका लागि उपयुक्त देखिएको नगरपालिकाले जनाएको छ। पहिलो चरणमा किसानलाई बिउ, बेर्ना, आवश्यक उपकरण तथा प्राविधिक सहयोग उपलब्ध गराइएको थियो। नतिजा सकारात्मक देखिएपछि ठूलो परिमाणमा तरबुजाको व्यावसायिक उत्पादनका लागि नगरपालिकाले आन्तरिक तयारी थालेको जनाएको छ।

भीरकोट नगरपालिका-१ बयरघारीस्थित आँधीखोला नदी किनारको खेलमैदान परिसर, वडा नं.-४ को छाङ्छाङदी फाँट, वडा नं.-५ को पकान क्षेत्र तथा वडा नं.-६ को एकुवार फाँट गरी करिब २० रोपनी क्षेत्रफलमा पहिलो पटक तरबुजा रोपिएको भीरकोट नगरप्रमुख गोविन्दकुमार कर्माचार्यले बताए। अभियानमा १८ जना किसान प्रत्यक्ष संलग्न छन्। नदी किनारको बगर क्षेत्रलाई उत्पादनमूलक बनाउने उद्देश्यले कार्यक्रम अघि सारिएको प्रमुख कर्माचार्यले जानकारी दिए।

जिल्लामै पहिलो पटक सुरु गरिएको नमूना खेती भएकाले किसानले नयाँ प्रविधि सिकेर तरबुजाको व्यावसायिक रुपमा विस्तार गर्न सक्ने नगरपालिकाले जनाएको छ। तरबुजाका लागि स्थानीय बजार अनुकूल मानिन्छ। उत्पादन र बजार दुवै पक्ष सकारात्मक देखिएपछि भीरकोटका लागि तरबुजा नयाँ सम्भावनाको श्रोत बनेसँगै स्थानीय किसान उत्साहित बनेका छन्।

परियोजनाअन्तर्गत 'लक्ष्मी' र 'सरस्वती' जातका तरबुजा रोपिएका थियो। दुबै जातले स्थानीय हावापानीमा राम्रो उत्पादन दिने अपेक्षा गरिएको भीरकोट नगरको कृषि शाखा प्रमुख श्रवणकुमार विष्टले जनाए। नगरपालिकाले तरबुजा खेतीसँगै सिम्ला मिर्च, अकबरे खुर्सानी तथा बेमौसमी तरकारी उत्पादनलाई एकसाथ अगाडि बढाउने भएको छ। परम्परागत खेतीमा सीमित किसानलाई वैकल्पिक र नगदे बालीतर्फ आकर्षित गर्ने रणनीतिअनुसार कार्यक्रम अघि सारेको नगरपालिकाले जनाएको छ।

कृषिमा उत्पादन र उत्पादकत्व वृद्धि, स्थानीयस्तरमा रोजगारी सिर्जना र आयआर्जन अभिवृद्धि गर्ने लक्ष्य नगरपालिकाले लिएको छ। स्थानीय किसानहरु पनि नयाँ खेतीप्रति आकर्षित देखिएका छन्। नदी किनारको बगर जमिन प्रायः बाँझै रहने खेरा जाने गरेकामा आउँदा दिनमा उक्त जमिनलाई उत्पादनशील बनाउने प्रयासले सकारात्मक सन्देश दिएको छ। बगरमा लगाएको तरबुजाले फल लाग्न थालेपछि आफू उत्साहित भएको भिरकोटकी किसान पुष्पा अर्यालले बताइन्।

# तीन लाख पुरस्कार राशीको दोस्रो लखन कप फुटबलको तयारी पूरा



बुटवल । बुटवलमा बैशाख दोस्रो सातादेखि शुरु हुने दोस्रो लखन कप नकआउट फुटबल प्रतियोगिताको तयारी पूरा भएको छ। बुटवलको रामनगरस्थित खेल मैदानमा बैशाख ११ गतेदेखि २२ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको तयारी पूरा भएको शनिबार पत्रकार सम्मेलन गरी आयोजकले जानकारी गराएका हुन्।

प्रतियोगितामा विभिन्न जिल्लाबाट १२ टिमले प्रतिस्पर्धा गर्ने निश्चित भएको आयोजक लखन ब्रदर्श यूथ क्लबका अध्यक्ष सुदिप खत्रीले बताए।

प्रतियोगिताको उपाधि विजेता टिमले नगद ३ लाख १ हजार १११ रुपैयाँ र उप विजेताले नगद १ लाख ५१ हजार १११ राशीसहित कप, मेडल, प्रमाणपत्र प्राप्त गर्ने खत्रीले जानकारी दिए।

यसैगरी विधागत रुपमा सर्वोत्कृष्ट खेलाडीलाई नगद २० हजार १११, सर्वाधिक गोलकर्ता, उत्कृष्ट गोल रक्षक, उत्कृष्ट डिफेन्डर तथा उत्कृष्ट मिड फिल्डरलाई जनही १० हजार १११ रुपैयाँका दरले नगद पुरस्कार प्रदान गरिने भएको छ। प्रतियोगिता सम्पन्न गर्न १९ लाख बढी खर्च अनुमान गरिएको क्लबका सचिव निरञ्जन पन्तले जानकारी दिए।

प्रतियोगितामा रुपन्देहीसहित नवलपरासी, पाल्पाका १२ टिमले सहभागिता रहेको क्लबका संरक्षक तथा प्रतियोगिताका संयोजक रामबहादुर थापाले जानकारी दिए।

आयोजकसहित सम्पूर्ण युवा क्लब सुपौली, देवदह ब्वाइज युवा क्लब, फर्साटिकर युवाक्लब, चाँदनी युवाक्लब दानापुर, योङ ब्वाइज खैरेनी, शिवनगर परिवार, तिलोत्तमा-११, न्यू युथ युनियन क्लब पाल्पा, सयपत्री युवा क्लब रामनगर, तारादल गण आर्मी, सुनवल एफसी सहभागी हुने भएका छन्।

प्रतियोगितालाई बुटवल उप-महानगरपालिकाले दश लाख र वडा नं. ८ ले डेढ लाख रुपैयाँ आर्थिक सहयोग दिने निर्णय भएको बुटवल ८ का वडाध्यक्ष यज्ञ पंगेनीले जानकारी दिए।




हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स
भएको भवन) फोन:- ०७१५४२५७१

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com